नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं. १४५

मिति: २०७८।०९।१८

विषय: सरुवा सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

सबै ।

प्रस्तुत विषयमा यस केन्द्रबाट च.न. ६४ मिति २०७८।०६।१३ को पत्रानुसार जिल्लान्तर सरुवा रोक्का गरिएकोमा देहायको शर्तानुसार जिल्लान्तर सरुवा सम्बन्धी कार्य ताहाँबाट नै गर्न सकिने व्यहोरा यस केन्द्रको मिति २०७८।०९।१८ को निर्णयानुसार अनुरोध छ ।

२०७८।०९।१८

बसन्तप्रसाद कोइराला
निर्देशक

तपसिल

१. पारस्परिक बाहेक अन्य सरुवाको सन्दर्भमा:

(क) यस केन्द्रबाट खुद पुल दरबन्दी कायम भएको स्थानीय तहमा खुदपुल दरबन्दी कायम रहेसम्म खुदपुल दरबन्दी कायम रहेको तहमा जिल्लान्तर सरुवा, पारस्परिक सरुवा वा अन्य कुनै व्यहोराबाट रिक्त पद पूर्ति गर्न पाइने छैन र सो पद यथासम्भव छिटो केन्द्रमा पठाउने व्यवस्था गर्नु हुन ।

(ख) जिल्लान्तर सरुवा भई शिक्षक आउन चाहेको स्थानीय तहमा दरबन्दी मिलानको कार्य सम्पन्न भइसकेको भए मात्र सरुवा सम्बन्धी कारवाही गर्न सकिनेछ ।

(ग) जिल्लान्तर सरुवा गर्दा समान तह र श्रेणी, विषय मिल्ने भएमा नियमानुसार रिक्त स्थानमा सरुवा गर्न सकिने तर मिति २०७८ साल चैत्र मसान्त सम्मको रिक्त दरबन्दी शिक्षक सेवा आयोगमार्फत विज्ञापन भइसकेको र अझै रिक्त विवरण शिक्षक सेवा आयोगले तोकेको मिति सम्म विज्ञापनमा समावेश गर्न सकिने हुनाले रिक्त विवरण यस केन्द्रमा पठाउनु हुन र सो मिति पश्चात राजिनामा, जिल्लान्तर सरुवा वा कुनै कारण शिक्षकको मृत्युभइ पद रिक्त भएको अवस्थामा मात्र सो पदमा सरुवा गर्न सकिने र त्यस्ता पदहरुमा सरुवा भएमा सो को जानकारी मासिक रुपमा यस केन्द्रलाई अनिवार्य रुपमा दिनुपर्नेछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं ९४५

फोन ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

(घ) शिक्षकहरुको जिल्लान्तर सरुवा गर्दा शिक्षक सेवा आयोगले गरेको बढुवा विज्ञापन र सो विज्ञापनमा बढुवा हुने सम्भाव्य उमेद्वारको बढुवालाई असर गर्ने गरी गर्न पाइने छैन ।

२. पारस्परिक सरुवा सम्बन्धमा :

(क) शिक्षकको पारस्परिक सरुवा गर्दा समान तह, श्रेणी र विषय अनिवार्य रुपमा मिलेको हुनु पर्नेछ, समान तह तर फरक श्रेणीको शिक्षक विच पारस्परिक सरुवा गर्दा शिक्षक सेवा आयोगको शिक्षक बढुवाको विज्ञापन तथा बढुवाको सम्भाव्य उम्मेद्वारलाई प्रभाव पर्ने गरी सरुवा गर्न पाइने छैन, साथै जिल्लामा कायम भएको द्वितिय र प्रथम श्रेणीको पद भन्दा बढी हुने गरी सरुवा व्यवस्थापन गर्न सकिने छैन ।

(ख) पारस्परिक सरुवामा सरुवा भए लगत्तै नयाँ जिल्लामा गइ राजिनामा दिने प्रवृति देखिएको र उक्त राजिनामा दिएको शिक्षकको अभिलेख हालको जिल्लामा नभै साविकको जिल्लामा मात्र हुने भएको र साविकको जिल्लाले सो सम्बन्धमा अनावश्यक झन्झट व्यहोर्नु पर्ने तथा यस्तो राजिनामा पूर्व नियोजित समेत हुने भएकोले यस्तो प्रवृत्तिलाई निरुत्साहन गर्न पारस्परिक सरुवामा शिक्षा नियमावलीको नियम ९९ को (२क) अनिवार्य रुपमा पालना गरी सरुवा पश्चात राजिनामा दिने शिक्षकको सेवा अवधिको आधारमा न्यूनतम एक वर्ष अनिवार्य सेवा गर्ने (उमेरको आधारमा अनिवार्य अवकाश हुने बाहेक) व्यवस्था मिलाइ सो पश्चात मात्र राजिनामा स्वीकृत गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

३. माथि बुदाँ नं. १ र २ मा उल्लेख भएका विषयका अतिरिक्त सरुवा गरी रिक्त पद परिपूर्ति गर्दा शिक्षक सेवा आयोगमा विज्ञापनको लागि पठाइएको पदमा पदपूर्ति गर्न पाइने छैन, शिक्षक सेवा आयोगको विज्ञापनमा असर गर्ने गरी गरिएको जिल्लान्तर सरुवाको सम्बन्धमा सरुवा गर्ने इकाइ प्रमुख नै जिम्मेवार हुनु पर्ने भएकोले सो विषयमा समेत ध्यान दिनुहुन ।